कार्यपालिकाबाट स्वीकृत
मिति :- २०८१ पौष २४ गते

# निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः

स्थानीय स्तरको विकास निर्माणको लागि माटोको सहज आपूर्ति गर्ने, सतह नमिलेको खेतियोग्य जग्गाको सतह मिलाउने, पोखरी निर्माण गर्दा बढी भएको माटो बिक्री वितरण गर्ने लगायतका कार्यहरुलाई व्यवस्थित र नियमित गर्न वाञ्छनिय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा ४ उपदफा १ ले दिएको अधिकार तथा मार्गनिर्देशन अनुसार प्रतापपुरले यो "निजि जग्गाको माटो उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८१" कार्यविधी स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद - १ नाम र परिभाषा

**१. संक्षिप्त नाम तथा प्रारम्भ** : यो कार्यविधिको नाम "निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८१" रहेको छ र यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ।

ख) **"गाउँपालिका"** भन्नाले प्रतापपुर गाउँपालिकालाई जनाउँछ

ग ) **"कार्यपालिका"** भन्नाले प्रतापपुर गाउँपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

घ) "अध्यक्ष " भन्नाले प्रतापपुर गाउँपालिकाको गाउँपालिका अध्यक्ष लाई जनाउँछ।

ङ) "उपाध्यक्ष " भन्नाले प्रतापपुर गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष लाई जनाउँछ

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रतापपुर गाउँपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ।

छ) "अनुगमन समिति" भन्नाले निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार प्रयोजनका लागि यस कार्यविधिको दफा (७) बमोजिम गठित समितिलाई जनाउँछ।

ज) "कार्यालय" भन्नाले प्रतापपुर गाउँपालिकाको कार्यालयलाई जनाउँछ।

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश नेपाल

उमेश चन्द यादव
अध्यक्ष

प्रमाणीकरण

## परिच्छेद २

## निजी जग्गाको माटो उत्खनन् सम्बन्धी व्यवस्था

**३. अनुमति नलिइ उत्खन्न कार्य गर्न नहुनेः**

यस गाउँपालिका भित्रका निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न यस गाउँपालिका को अनुमति नलिई उक्त कार्य गर्न गराउन पाइने छैन ।

**४. उत्खनन् अनुमति पत्रको प्रकृयाः**

क) निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

ख) सम्बन्धित वडाध्यक्षले स्थलगत अवलोकन गरी साँधियारहरु समेतको उपस्थितीमा सर्जमिन गरी मुचुल्का तयार पारी मुचुल्का सहित गाउँपालिका मा पठाउनुपर्नेछ । यस कार्यविधिमा अन्यत्र जुनसुकै कुराहरु लेखिएको भएता पनि माटोको ढुवानीका लागि ट्रक, टिप्पर को प्रयोग गर्ने वा नगर्ने सम्बन्धमा सम्बन्धित वडाको सडकको अवस्था हेरी वडा कार्यालयले सिफारिस गरेबमोजिम हुनेछ ।

ग) सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका गाउँ कार्यपालिका कार्यालयका प्राविधिक कर्मचारी (इन्जिनियर, सव-इन्जिनियर/असिस्टेन्ट सव-इन्जिनियर तथा नापी सर्वेक्षक) ले उत्खनन् गर्न चाहेको वा उत्खनन् हुनसक्ने परिमाण एकिन गरी सिफारिस गर्नुपर्नेछ ।

घ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहित सिफारिस प्राप्त भई आए पछि यस कार्यविधिमा तोकिएको दररेट अनुसारको राजश्व लिई अनुसूची १ को ढाँचामा उत्खनन् तथा ओसारपसार गर्ने अनुमति गाउँपालिका कार्यालयको प्रशासन शाखाले दिनेछ ।

ङ) उत्खनन् अनुमतिपत्र प्रदान गर्दा उत्खनन् गर्ने जग्गाको क्षेत्रफल, अनुमति दिएको अनुमानित परिमाण, ढुवानीका साधनको नं. उत्खनन् गरी ढुवानी गर्ने अवधि ढुवानी गरी लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनु पर्नेछ ।

**५. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरुः**

क) उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि

ख) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा

ग) जग्गाधनीको नागरीकता प्रमाणपत्रको प्रतिलिपि

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

## ६. उत्खनन् मापदण्ड तथा पालन गर्नुपर्ने शर्तहरुः

क) बस्ती, बाटो, स्कुल, मन्दिर, पोखरी क्षेत्रको २०० मिटर, ताल क्षेत्रको ३०० मिटर र नदी क्षेत्रको ५०० मिटर वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन् गर्न पाइने छैन। उल्लेखित क्षेत्र भित्र उत्खनन् गर्नुपरेमा गाउँपालिका को अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरी पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ ।

ख) गाउँपालिका को अनुगमन समितिले उत्खनन् र ओसारपसार सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । उत्खनन् गर्ने पक्षले अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्ने छ ।

ग) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

घ) खेतको सतह मिलाउने प्रयोजनको लागि उत्खनन गरेको भएमा सँधियारहरुको खेतको सतहको प्रतिकुल हुने गरी उत्खनन् गर्न पाईने छैन ।

ङ) माटो उत्खनन गर्दा ३ फिट भन्दा बढी गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन ।

च) उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नुपर्नेछ ।

छ) माटो उत्खनन् तथा ओसारपसार गर्दा अनुसूचि १ र अनुसूचि २ बमोजिमको अनुमति पत्र साथमा राखु पर्नेछ

ज) उत्खनन् कार्य समाप्त भए पछि जुन उद्देश्यका लागि उत्खनन् गरीएको हो सो उद्देश्य अनुरुपको कार्य प्रारम्भ गर्नुपर्नेछ ।

झ) उत्खनन् गर्दा छेउछाउमा रहेका सावर्जनिक, सरकारी, पर्ति तथा वन क्षेत्रको जग्गामा उत्खनन् गर्न पाईने छैन ।

ञ) पोखरी खन्ने क्रममा माटो बाहेकका नदीजन्य पदार्थ मिस्कट, बालुवा, गिट्टी आंदि निस्केमा तत्काल उत्खनन् कार्य बन्द गरी गाउँपालिका लाई सोको जानकारी दिनुपर्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

**७. अनुगमन समिति सम्बन्धी व्यवस्था :** माटो उत्खनन्कार्यलाई व्यवस्थित एवं मर्यादित बनाउन र सम्बन्धित क्षेत्रको स्थलगत अनुगमन गरी आवश्यक निर्देशन दिन देहायको अनुगमन समिति हुने छ।

क. उपाध्यक्ष -संयोजक

ख. सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

ग. सम्बन्धित वडा हेर्ने सव-इन्जिनियर -सदस्य

घ. राजश्व शाखा प्रमुख -सदस्य सचिव

## परिच्छेद ३

## माछा पोखरी उत्खनन् सम्बन्धी व्यवस्था

**८. अनुमति लिनुपर्ने**

यस गाउँपालिका भित्र निजि जग्गामा माछापोखरी खन्नका लागि यस गाउँपालिकाको अनुमति लिनुपर्नेछ।

**९. उत्खनन् अनुमति पत्रको प्रकृया:**

क) माछापोखरी खन्न चाहेन व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

ख) अनुमतिका लागि पेश गर्दा पोखरी खन्दा निस्केको माटो त्यही पोखरी वरिपरि व्यवस्थापन गर्ने हो वा बढी माटो वेचविखन गर्ने हो पत्रमा उल्लेख गर्नुपर्नेछ।

ग) यदि बढी माटो बेचविखन गर्ने हो भने सोको अनुमानित परिमाण समेत निवेदनमा एकीन गर्नुपर्नेछ +

घ) यसरी प्राप्त निवेदनमा सम्बन्धित वडाध्यक्षले स्थलगत अवलोकन गरी सँधियारहरु समेतको उपस्थितीमा सर्जमिन गरी मुचुल्का तयार पारि गाउँपालिकामा पठाउनु पर्नेछ।

ङ) गाउँपालिका कार्यालयले पोखरी बनाई बढी हुन सक्ने माटो ओसारपसारका लागि राजश्व तिरेर अनुमति लिनुपर्ने शर्त सहित पोखरी खन्ने कार्यको लागि अनुमति दिनेछ।

च) पोखरी खन्ने व्यक्तिले पोखरी निर्माण पश्चात बढी हुने माटो ओसारपसारको लागि गाउँपालिका कार्यालयमा पुन अनुमति माग गर्नुपर्नेछ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

छ) पोखरी खन्ने क्रममा माटो बाहेकका नदीजन्य पदार्थ मिस्कट, वालुवा, गिट्टी आदि निस्केमा तत्काल उत्खनन् कार्य बन्द गरी गाउँपालिका लाई सोको जानकारी दिनुपर्नेछ ।

ज) सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका गाउँपालिका कार्यालयका प्राविधिक कर्मचारीले पोखरी बनाई बढी भएको माटोको नापजाँच गरी परिमाण एकीन गरी सिफारिस गर्नुपर्नेछ ।

झ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहितको सिफारिस प्राप्त भई आए पछि गाउँपालिका कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची १ को ढाँचामा ओसारपसार गर्ने अनुमति दिनेछ ।

ञ) ओसारपसार अनुमतिपत्र प्रदान गर्दा ओसारपसार गर्ने माटोको अनुमानित परिमाण ढुवानीका साधनको नं. ढुवानी गर्ने अवधि, ढुवानी गरी लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनुपर्नेछ ।

**१०. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु**

क) उत्खनन् हुने जग्गको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि ।

ख) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा ।

ग) जग्गाधनीको नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।

घ) मत्स्यजोन कार्यालय नवलपरासी(ब.सु.प.) को सिफारिस पत्र वा गाउँपालिकाको पशु तथा मत्स्य विकास शाखाको सिफारिस पत्र ।

**११. पोखरी निर्माण मापदण्ड**

क) कार्यविधिको दफा ६ अनुसार बस्ती, बाटो, स्कुल, मन्दिर, पोखरी क्षेत्रको २०० मिटर, ताल क्षेत्रको ३०० मिटर र नदी क्षेत्रको ५०० मिटर वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन् गर्न पाइने छैन । उल्लेखित बमोजिमका २०० मिटर क्षेत्र भित्र उत्खनन् गर्नुपरेमा गाउँपालिकाको अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरी पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ ।

ख) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्य रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

ग) माछापोखरीको निर्माण गर्दा पोखरीको गहिराई बढीमा ६ फुट भन्दा बढी हुने छैन ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेपाल

घ) साँधबाट कम्तिमा २.५ मिटर छाडेर मात्र पोखरी खन्नुपर्नेछ।

ङ) उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नुपर्नेछ।

च) अनुगमन समितिले उत्खनन् र ओसारपसार सम्बन्धमा आवश्यक निर्देशन पालना गर्नुपर्नेछ।

## परिच्छेद ४

## उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनको दर्तासम्बन्धी व्यवस्था

१२. गाउँपालिकामा सुचीकृत हुनुपर्ने निजी जग्गाबाट उत्खनन् तथा ढुवानी गर्न चाहने सवारी धनीले राजश्व बुझाई गाउँपालिकाको कार्यालयबाट तोकिएको चालु.आ.ब.का लागि सवारी साधन सुचीकृत गरी अनुमति लिनुपर्नेछ।

१३. सुचीकृत सम्बन्धी प्रक्रिया

क) सुचीकृत हुनको लागि लागि आफ्नो सवारीको साधनको कागजातहरुको फोटोकपी सहित निवेदन पेश गर्नुपर्नेछ।

ख) गाउँपालिका कार्यालयले कागजपत्रको जाँचबुझ गरी अनुसूची २ बमोजिमको ढाँचामा सवारी साधन दर्ता/सुचीकृत गरी उत्खनन् र ढुवानीको लागि अनुमति दिनुपर्नेछ।

१४. ढुवानी गर्ने सवारी साधनले त्रिपालले राम्रोसँग छोपेर र धुलो नउडाइकन ओसारपसार गर्नुपर्नेछ।

## परिच्छेद ५

## राजश्व सम्बन्धी व्यवस्था

१५. क) निजी जग्गा वा पोखरीको माटो उत्खनन् गरी बिक्रि गर्दा प्रदेश आर्थिक ऐनले तोके बमोजिम शुल्क बुझाउनुपर्नेछ।

ख) सवारीसाधन दर्ता तथा वार्षिक नवीकरण शुल्क यस प्रतापपुर गाउँपालिकाको गाउँसभाबाट पारित भएको आर्थिक ऐनले तोके बमोजिम लाग्ने छ|

## परिच्छेद ६

## दण्ड जारिवाना सम्बन्धी व्यवस्था

१६. यस कार्याविधि बमोजिम अनुमति नलिई कसैले निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् ओसारपसार तथा माछापोखरी निर्माण सम्बन्धी कार्य गरे वा गराएको पाइएमा यस कार्यालयले उत्खनन् तथा ओसारपसार कार्यमा प्रयोग भएका सवारी साधन र सामग्री नियन्त्रणमा लिई प्रतापपुर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम जरिवाना असुल उपर गरीनेछ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

## परिच्छेद ७

### विविध

१७. यो कार्याविधिमा भएका प्रावधानहरु प्रतापपुर गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

१८.अन्य गाउँपालिका/ नगरपालिकामा राजश्व बुझाइ उत्खनन तथा ओसारपसार गर्न अनुमति लिएका सवारी साधनले यस गाउँपालिका क्षेत्रको बाटो प्रयोग गरी ओसारपसार गर्नुपरेमा नाकामा राजश्व बुझ्न बसेका कर्मचारीलाई सोको कागज प्रमाण देखाई बाटो मर्मत सम्भार तथा पर्यावरणीय दस्तुर मात्र बुझाएर ढुवानी गर्न सक्नेछन |

१९. यदि कुनै बाटो वा नाकामा कर्मचारी नभएको खण्डमा सम्बन्धित वडा कार्यालयमा राजश्व बु झाउन सकिनेछ ।

२०.यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचालित कानून र प्रतापपुर गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

२१.यो कार्यविधि संघ, प्रदेश, र स्थानीय तहको प्रचलित कानुनसँग बाझिएमा बाझिएका बुँदाहरू स्वतः खारेज हुनेछन् ।

२२. कार्यविधिको कुनै बुँदामा अस्पष्टता वा कार्यान्वयनमा समस्या भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

२३. यो कार्यविधि आवश्यकताअनुसार संशोधन गर्न सकिनेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणीकरण

अनुसूची-१

परिच्छेद २ को दफा ४ (घ) तथा परिच्छेद ३ को दफा ९ (झ) सँग सम्बन्धित

**प्रतापपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बेलाटारी, नवलपरासी(ब.सू.प.)**

**लुम्बिनी प्रदेश, नेपाल**

प.सं.

च.न. मिति..

श्री जो जस सँग सम्बन्धित छ।

विषयः माटो उत्खनन् गरी ढुवानी गर्ने अनुमति दिईएको

प्रस्तुत विषयमा. नं.......... कित्ता नं......... ...को नाममा दर्ता कायम रहेको प्रतापपुर गाउँपालिका वडा ...... .को जग्गा क्षेत्रफल...................बाट देहाय बमोजिमको शर्तको अधिनमा रही माटो उत्खनन् गरी ढुवानी गर्न अनुमति दिईएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ

तपसिल

विषयः माटो उत्खनन् गरी ढुवानी गर्ने अनुमति दिईएको

१. अनुमति लिने मुख्य व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं.:

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका संधियारहरु

पूर्व तर्फ.... पश्चिम तर्फ.

उत्तर तर्फ. दक्षिण तर्फ.

३. उत्खनन् गरी ढुवानी गर्ने अनुमानित परिमाणः ..................घनफिट

४. राजश्व बुझाएको विवरण

क. प्राकृतिक स्रोत (माटो) को राजश्व प्रति घनफुट .. दरले रु...................

ख. पर्यावरणीय तथा बाटो मर्मत दस्तुर( प्रति ट्राली/टिपर/ट्रक रु...................का दरले

मिति / / र.नं. ................... बाट बुझाएको जम्मा राजश्व रु.

५. उत्खननमा प्रयोग हुने साधनहरु-

६. ढुवानीमा प्रयोग हुने साधनहरु-

७. ढुवानी गरी लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो-

८. उत्खनन् र ढुवानीका लागि समयावधिः मिति देखि सम्म

बोधार्थ

प्रमुख प्रशासकीय अधिकृत

श्री प्रतापपुर गाउँपालिका

.................वडा कार्यालय, .................

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी

अध्यक्ष

प्रमाणीकरण

अनुसूची-२

परिच्छेद ४ को दफा १३ (ख) सँग सम्बन्धित

**प्रतापपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बेलाटारी, नवलपरासी(ब.सू.प.)**

**लुम्बिनी प्रदेश, नेपाल**

**विषयः निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार अनुमति पत्र**

यस कार्यालयको मिति ................... को निर्णय बमोजिम तपाईलाई निम्न बमोजिमको शर्त पालन गर्ने गरी निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न अनुमति प्रदान गरीएको छ ।

**अनुमति सम्बन्धि विवरण** **अनुमति पत्र नं.**

१. अनुमति प्रदान गरीएको साधनः

२. यान्त्रिक साधन धनीको नाम थरः

ठेगानाः जिल्ला........................................ न.पा./गा.पा...................................................

दर्ता नं. सम्पर्क नं.

३. अनुमति प्रदान गरीएको मितिः

४. अनुमति कायम रहने मितिः

५. अनुमति दिने अधिकारीको दस्तखतः

नाम थरः

पदः

| नवीकरण सम्बन्धि विवरण | | | | |
|---|---|---|---|---|
| नवीकरण गरेको मति | म्याद क़ायम रहने मिति | नबीकरण दस्तूर रू | बुझाएको नगदी र न | नवीकरण गर्ने अधिकारीको दस्तख़त |
| | | | | |
| | | | | |

अनुमति प्राप्त व्यक्ति/साधनले पालना गर्नुपर्ने शर्तहरुः

१. यो अनुमति विशुद्ध निजि जग्गा धनी र चौकिल्लाका सधियारको सहमतिमा निजी जग्गा उत्खनन् गरी निस्कने माटो मात्र ओसारपसार गर्नका लागि प्रदान गरीएको छ । उत्खननका क्रममा भूगर्भबाट माटो बाहेका अन्य वस्तु (बालुवा मिस्कट गिट्टी लगायतका अन्य खनिज पर्दाथ) निस्केमा तत्काल उत्खनन कार्य बन्द गरी प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

२. बस्ती, बाटो, स्कुल, मन्दिर, पोखरी क्षेत्रको २०० मिटर, ताल क्षेत्रको ३०० मिटर र नदी क्षेत्रको ५०० मिटर वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन् गर्न पाइने छैन ।

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश नेपाल

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

३. यो अनुमति पत्र साथमा नराखी माटो उत्खनन् तथा ओसारपसार गर्न पाईने छैन ।

४. यो अनुमति पत्र अनुसार उत्खनन् गर्दा बढिमा ३ फीट भन्दा गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन । सो भन्दा गहिरो उत्खनन् गर्नु पर्ने भएमा उत्खनन् गर्नुको कारण सहित जग्गा धनीको सहमति लिई प्रतापपुर गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

५. यो अनुमति पत्रको म्याद सकिनु पहिले नै नवीकरण गराउनु पर्नेछ म्याद सकिएको ३० दिन भित्र नवीकरण गराएमा लाग्ने दस्तुरको १० प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । म्याद सकिएको ६० दिन भित्र नवीकरण गराएमा लाग्ने दस्तुरको २५ प्रतिशत र ६० दिन देखि ९० दिन सम्मलाई ५० प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । म्याद सकिए ९० दिन पश्चात लाग्ने दस्तुरको १०० प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ ।

६. अनुमति उत्खनन् पत्र नलिई वा अनुमति पत्र लिएता पनि उल्लेखित शर्त पालना नगर्ने उत्खनन् तथा ओसारपसार कर्तालाई प्रतापपुर गाउँपालिकाको निर्णय बमोजिम जरिवाना सहित थप कारबाही हुनेछ ।

७. माथि जे सुकै उल्लेख भएता पनि माटो बाहेका बालुबा मिस्कट भस्कट गिट्टी आदि उत्खनन् तथा ओसारपसार एवं विक्री वितरण गरेको पाइएमा प्रचलित आर्थिक ऐन बमोजिम जरीवाना गरी असुल उपर गरीनेछ ।

८. यस प्रतापपुर गाउँपालिका भित्र दर्ता भएको जे.सी.बी. टिप्पर/टेक्टर मात्र संचालन गर्न पाइनेछ ।

९. प्रतापपुर गाउँपालिकाले उल्लेखित शर्तहरु अनुगमन गर्नुका साथै यो अनुमति प्राप्तकर्ताले प्रतापपुर गाउँपालिकाको समन्वयमा कार्य गर्नुपर्नेछ ।

**बोधार्थ**

श्री प्रतापपुर गाउँपालिका

.................वडा कार्यालय, .................

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

प्रतापपुर गाउँपालिका
गाउँपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश नेपाल

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण